आ.व. ०७०/०७१ मा संचालित विकास कार्यक्रम/आयोजनाहरुको
जिल्लास्तरीय वार्षिक प्रगति समिक्षा गोष्ठी
२०७१
५,६,७ भाद्र २०७१

# वार्षिक समिक्षा प्रतिवेदन

जिल्ला विकास समिति
काभ्रेपलाञ्चोक
फोन नं.०११-४९०२४६,४९०२७४,४९०२४६
फ्याक्स नं. -०११-४९०२४६
ईमेल- info @ ddckavre.gov.np
वेभसाइट- www.ddckavre.gov.np

# भूमिका

जिल्ला विकास समिति जिल्ला भित्रको विकास निर्माणको समन्वय गर्ने स्थानीय सरकार हो । सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, मितब्ययिता, प्रभावकारीता र दक्षता हुनुपर्ने तथा जनताले छिटो छरितो र सहज रुपमा सेवा प्राप्त गरेको अनुभुत गर्न सक्ने अवस्थाको सर्वत्र माग भई रहेको सन्दर्भमा काभ्रेपलाञ्चोक जिल्लाको सर्वाङ्गीण विकासका लागी गत आर्थिक वर्ष २०७०/०७१ मा कुन कुन कार्यालय/संस्थावाट के कस्ता कार्यक्रम तथा आयोजनाहरु संचालन भए ? उल्लिखित कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति कस्तो रहयो ? लक्षित समुदायको आर्थिक तथा सामाजिक विकासका लागी के कति वजेट खर्च भयो ? आयोजना कार्यान्वयनमा के कस्ता सवल दुर्वल पक्षहरु र समस्याहरु आईपरे ? समस्या समाधानका लागी के कस्ता प्रयासहरु गरिए ? सञ्चालित कार्यक्रमले जनताको माग र आवस्यकतालाई सम्वोधन गर्न सक्यो वा सकेन ? आदि विषयमा समिक्षा गरि प्राप्त अनुभव,सिकाई र सुझावहरुलाई आगामी योजना चक्रमा मार्गदर्शनको रुपमा लिनुपर्ने हुन्छ । यसै सन्दर्भमा जि.वि.स. को कार्यालय, जिल्ला स्थित विषयगत कार्यालयहरु, गै स स, सामाजिक संघ संस्थावाट सम्पादित कामको परिणाम, गुणात्मकता, प्रभावकारीता र प्रतिफलको समिक्षा गर्न जिल्ला विकास समितिले जिल्लाको विकास संग आवद्ध विषयगत कार्यालयहरुको लागी -१ दिन, गै.स.स.समग्र-१ दिन र गा.वि.स.हरुको समिक्षाको लागी -१ दिन समेत ३ (तिन दिन) वार्षिक समिक्षा गोष्ठी आयोजना ग-यो । जिल्लास्थित सम्पूर्ण सरोकारवाला निकायहरुको सहभागीतामा वार्षिक समिक्षागोष्ठी संपन्न गरि तयार गरिएको यो प्रतिवेदनले, आयोजनाहरुको समग्र अवस्था वुझ्न सरोकारवालाहरुलाई सहयोग पु-याउनेछ  भन्ने कुरामा म विश्वस्त छु । जिल्लाको वार्षिक समिक्षा गोष्ठीमा आफ्नो कार्यालय/ संस्थाकोसमिक्षात्मक प्रतिवेदनपेश गर्ने र प्रस्तुत गर्नु हुने प्रमुख एवं प्रतिनिधिहरुलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु । साथै वार्षिक समिक्षा गोष्ठीमा उपस्थित भै आफ्नो अमूल्य विचार, सुझाव सल्लाह प्रदान गर्नु हुने माननीय सभासदज्यूहरु, जिल्लास्थित राजनैतिक दलका नेतागणज्यूहरुलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै गोष्ठीको तयारीमा संलग्न जिल्ला विकास समितिका कर्मचारीहरुलाई समेत धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

.................................

प्रेमप्रसाद भट्टराई

(स्थानीय विकास अधिकारी)

# समिक्षा गोष्ठी प्रतिवेदन

सहभागितकमूलक योजना चक्र (Participartory Planning Cycle) को महत्वपूर्ण अङ्ग मध्ये समिक्षा को भूमिका अग्रस्थानमा रहन्छ । जिल्ला विकास समिति विकास संग आवद्ध सरकारी कार्यालयहरु, गैर सरकारी संस्था एवं नागरिक समाजको समन्वय गर्ने, सहयोग गर्ने,सहजीकरण गर्ने, उत्प्रेरणा प्रदान गर्ने, असल शासन गर्ने जनउत्तरदायि निर्वाचित स्थानीय सरकार हो । हाल जननिर्वाचित पदाधिकारीको अभावमा नेपाल सरकारको निर्णय अनुसार स्थानीय निकाय सञ्चालित र क्रियाशील छ ।

आर्थिक वर्षको शुरुआत अगाडीनै चालु आ.व.को वार्षिक एकिकृत योजना तयार भएको हुन्छ । हामीले तर्जुमा गरेका कार्यक्रम तथा आयोजनाहरु ,निश्चित वजेट,समय सिमा सहितको कार्ययोजना अनुसार आ.व. को समाप्ती पश्चात सो अनुसार भए नभएको यकिन गर्न जि.वि.स., विकास संग आवद्ध जिल्ला स्थित कार्यालयहरु ,गै.स.स.,नागरिक समाज, जिल्ला स्तरीय राजनैतिक दल, जिल्लावाट संविधान सभामा प्रतिनिधित्व गर्नु हुने माननीय सभासदज्यूहरु एउटै मञ्चमा वसी सिंहावलोकन एवं समिक्षा गर्ने अभियानको यो एउटा निरन्तरता हो ।

वार्षिक समिक्षामा एक आर्थिक वर्ष भित्र अवलम्वन गरिएका नीति, रणनीतिहरु सञ्चालित आयोजना तथा कार्यक्रमको नतिजाको विश्लेषण आर्थिक वर्षको समाप्ती पश्चाद गरीन्छ । सरोकारवालाहरु विच गरिएको विश्लेषणात्मक समिक्षाले जिल्लाको सर्वाङगीण विकासका लागी तर्जुमा गरिएका योजना तथा कार्यक्रमहरुको चिरफार गर्न सजिलो हुन्छ । यसवाट सवल तथा सकारात्मक पक्षहरु, सुधार गर्नुपर्ने पक्षहरु अवसर एवं चुनौतीहरुको विष्लेषण गरि सवल पक्षहरु आत्मसात गर्नुको साथै सुदृढ गर्दै जाने र कमजोर पक्षहरुमा सुधार गर्दै जाने प्रवल पक्ष सन्निहित हुन्छ ।समिक्षामा प्राप्त पृष्ठपोषण तथा कार्य दौरानमा प्राप्त भएका सिकाईहरु समेत केन्द्र विन्दुमा राखी जिल्लाको वास्तविक आवश्यकता जनताको माग र चाहनामा आधारित रहेर आगामी आ.व.को लागी कार्यक्रम तथा आयोजनाहरुको तर्जुमा गरिन्छ । समिक्षालाई भविष्मा तर्जुमा गरिने योजनाको मार्गदर्शनको रुपमा लिने गरिएको छ ।

जिल्ला विकास समितिको निर्णयाअनुसार आ.व.२०७०/०७१ मा सम्पादित कामहरुको समिक्षा गर्न निम्न मितिमा निम्न प्रकृतिका संस्थाहरुको तालिका निर्धारण गरेको थियो ।

| क.सं | संस्था/निकायहरु | मिति |
|---|---|---|
| १. | सवै गा.वि.स.हरु | २०७१/०५/०५ |
| २. | जि.वि.स. तथा विषयगत कार्यालयहरु | २०७१/०५/०६ |
| ३. | गैरसरकारी संस्थाहरु | २०७२/०५/०७ |

आमन्त्रित सहभागीहरुः

- मानननीय सभासदज्यूहरु
- जिल्लास्तरीय राजनैतिक दलका प्रमुख/प्रतिनिधिहरु
- जिल्लाका सञ्चार प्रतिनिधिहरु
- गै.स.स.तथा नागरिक समाजका प्रतिनिधिहरु
- दलित,जनजाति,अपाङ्ग,महिला तथा वालवालिकाको क्षेत्रमा काम गर्ने प्रतिनिधि मूलक संस्थाका प्रमुख/प्रतिनिधिहरु

समिक्षामा केन्द्रीत हुनुपर्ने पक्षहरु (मार्गचित्र) निम्न वमोजिम कार्यालय संघ संस्थालाई उपलब्ध गराइएको ।

- गत वर्ष संचालित मुख्य मुख्य कार्यक्रमहरु वजेट निकासा र खर्च रकम
- उपलब्धी/प्रतिफल
- सकारात्मक पक्षहरु
- समस्या तथा चुनौतिहरु समाधानका लागी भएका प्रयासहरु
- सिकाई (**Lesson Learned**)
- भविष्यमा चाल्नु पर्ने कदमहरु

जि.वि.स. प्रमुख एवं स्थानीय विकास अधिकारी श्री प्रेमप्रसाद भट्टराईज्यूको सभापतित्वमा सञ्चालित जिल्लास्तरीय वार्षिक समिक्षा गोष्ठीमा प्र.जि.ई.श्री कृष्णलाल पियाले स्वागत गर्नुका साथै गोष्ठीको महत्व र उपादेयता माथी प्रकास पार्नु भएको थियो ।

समिक्षा गोष्ठीमा यस जिल्लावाट संविधान सभामा प्रतिनिधित्व गर्नु हुने संविधान सभाका माननीय सदस्यज्यू श्री तीर्थ लामा, श्री रामहरि सुवेडी, श्री कञ्चन चन्द्र वादे श्रेष्ठ र कमला दोङ्गको समेत उपस्थिति र सहभागीता रहेको थियो ।

उक्त अवसरमा माननीय सभासदज्यूहरुले जिल्लाको सन्तुलित विकासका लागी प्रति निर्वाचन क्षेत्र रु ५ करोड माग गरिएको, नयां सडक निर्माण कार्य को लागी उपभोक्ता समितिवाट गराउन सकिने गरि मध्यमार्गी वाटो खोज्नु पर्ने, विषयगत कार्यालयहरुद्धारा माग र आवश्यकताको आधारमा योजना छनौट गरि कार्यान्वयन गर्नु पर्ने, आगामी

दिनमा कार्यालय प्रमुख संग समन्वय/छलफल गरिने, अनुगमनको कार्यक्रममा संवन्धित क्षेत्रका माननीय सभासदहरु र सञ्चारकर्मीहरु समेत समावेश गर्न सुझाव दिंदै न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा अधिराज्यको जि.वि.स. हरु मध्ये ८१ अंक ल्याई तेश्रो भएकोमा वधाई ज्ञापन गर्नु भएको थियो ।

कार्यक्रमको समापन गर्दै जि.वि.स. प्रमुख तथा स्थानीय विकास अधिकारी श्री प्रेमप्रसाद भट्टराईज्यूले चौमासिकरुपमा अनुगमन गर्ने कार्यको थालनी गरिने र समीक्षा गोष्ठीमा प्राप्त पृष्ठपोषण (Feedback) लाई आगामी दिनमा आत्मसात गरिदै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

<u>जिल्ला विकास समितिको कार्यालयहरुः</u>

गत.आ.व. ०७०/०७१ मा जि.वि.स. अन्तर्गत सञ्चालित केन्द्रय कार्यक्रमहरु

- स्थानिय यातायात तथा पूर्वाधार क्षेत्रगत कार्यक्रम ।
- ग्रामिण खानेपानी तथा सरसफाई आयोजना।
- स्थानीय पूर्वाधार तथा कृषि सडक ।
- गुम्वा व्यवस्थापन तथा विकास ।
- स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुंच सुधार कार्यक्रमहरु ।
- सडक वोंड नेपाल
- झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम
- लोपोन्मुख आदिवासी जनजाति उत्थान चेपाङ्ग कार्यक्रम
- उपेक्षित उत्पिडित र दलित वर्ग उत्थान विकास समिति
- विद्युत रोयल्टी व्यवस्थापन ।

<u>जि.वि.स.अनुदान अन्तर्गत सञ्चालित कार्यक्रमहरु</u>

- महिला लक्षीत कार्यक्रम
- आदीवासी जनजाति,दलित लक्षित कार्यक्रम
- वालवालिका लक्षित कार्यक्रम
- सडक निर्माण
- गरिव संग विश्वेश्वर कार्यक्रम
- कृषि पशु सहकारी विकास कार्यक्रम

<u>जि.वि.स. अन्तर्गत सञ्चालित कार्यक्रम</u>

- उर्जा वातावरण तथा जलवायु परिवर्तन कार्यक्रम

- ग्रामिण पुननिर्मण तथा पुनस्थापना आयोजना
- लघु उद्यम विकास कार्यक्रम
- स्थानीय युवा साझेदारी कार्यक्रम
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

## प्रमुख चुनौती तथा समस्या

- आर्थिक वर्षको अन्तिम समयमा धेरै आयोजनाहरु कार्यान्वयन गर्नुपर्दा पाविधिक,प्रशासनिक तथा अनुगमनको कार्य प्रभावकारी हुन नसक्नु ।
- आयोजना छनौटमा विद्यमान कार्यविधिको मापडण्ड पुरा नगरी धेरै आयोजना-ससानो रकम छर्ने प्रवृतिले ठोस उपलब्धी हासिल हुन नसक्नु
- सहभागितामूलक आयोजना छनौट प्रकृयाको ब्यवहारीक कार्यन्वयनमा कठीनाई हुनु ।
- आयोजना कार्यान्वयनको क्रममा लागत अनुमान श्रममूलक प्रविधिवाट गरि वास्तविक काम गरि उपकरण (डोजर) को प्रयोग गराउन चाहने प्रवृति वद्धै जानु ।

## चुनौति तथा समस्या समाधानका लागी गरिएका प्रयासहरु:

- आयोजनाको फरफारक र अन्तिम किस्ता दिनु अगावै सार्वजनिक लेखा परिक्षण कार्य लाई अनिवार्यगरिएको साथै आयोजना कार्यन्वयन अवस्था देखिने फोटोग्राफ लिन गरिएको ।
- पटक पटक सार्वजनिक सूचना जारी गरि समयमै आयोजना संझैताका लागी आबहान गरिएको ।
- उपभोक्ता समिति गठनमा समावेशी प्रकृयाको अवलम्वन गर्नुको साथै उ.स.गठन गर्दा नै सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्ने गरिएको ।
- दलिय संयन्त्र खारेज भएपछि पनि जिल्ला स्तरीय राजनैतिक दलहरु संगको सम्न्वय र परामर्शवाट आयोजना ब्यवस्थापन संवन्धी कार्य गरि.दै आएको ।
- आर्थिक वर्षको अन्तिम समयमा छनौट भएका आयोजना कार्यान्वयन गर्दा श्रोतको दुरुपयोग हुन जाने संभावनालाई रोक्न पेश्की नदिइने नीति लिईएको छ ।
- सहभागितामूलक योजना तर्जुमा प्रकृयावावाट प्राप्त आयोजनाहरुको आयोजना बैंक तयार गरि एकिकृत जिल्ला विकास योजनाको अनुसूचिमा राख्ने गरिएको ।

## प्रमुख उपलब्धी एंव सिकाईहरु:

- गत आर्थिक वर्षमा...... कि.मि.नयां ट्रयाक निर्माण

- .....कि.मि. सडक ग्रावेल,.....कि.मि.सडक स्तरोंाति,.....वटा झोलुङ्गेपुल निर्माण र ......कि वा.जलविद्युत उत्पादन भएको ।
- तारा गाउं विकास समितिको साझेदारीमा जिल्लाको पर्यटन गुरुयोजना तयार गर्ने कार्य संपन्न भएको ।
- उपभोक्ता समितिको तर्फवाट आयोजना संझौता हुनु अगावै नगद योगदान लिन थालिएको
- उपभोक्ता समिति गठन गर्दा नै आयोजनाको सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्न प्रारम्भ गरिएको
- जिल्ला परिषदवाट नै आयोजनागत वजेट वांडफांडगरिएको आयोजना

<u>व्यवस्थापन सुधारका लागी भविष्यमा चाल्नु पर्ने कदमहरु:</u>

- वार्षिक कार्यतालिका निर्माण गरि सो अनुरुप आयोजनाहरुको समयमै कार्यान्वयन गर्नु पर्ने
- सहभागितामूलक योजना तर्जुमा प्रकृयालाई प्रभावकारी वनाउन गाउं परिषद तथा ईलाका स्तरीय गोष्ठीवाट माग भै आएका आयोजनालाई प्राथमिकता दिनुपर्ने ।
- महत्वपूर्ण तथा ठुला आयोजनाहरुको निर्माण तथा आकस्मिक अनुगमन गरिदेखिएका समस्याहरु तुरुन्त समाधानको लागी पहल गर्नु पर्ने
- जिल्लाको विकासका लागी रणनीतिक महत्व राख्ने आयोजनाहरुमा पर्याप्त रकम विनियोजन गर्नुपर्ने ।
- आयोजनास्थलमा सार्वजनिक सुनुवाई सामाजिक लेखा परिक्षण जस्ता पारदर्शिता जवाफदेहिता जस्ता अवयवहरुको अवलम्वन गर्दै स्थानीय सुसानमा जोड दिने ।

<u>जिल्ला कृषि विकास कार्यालय:</u>

आ.व. ०७०/०७१ मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरु

- कृषि प्रसार कार्यक्रम
- सहकारी खुती तथा साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रम
- कृषि व्यवसाय प्रवद्धन कार्यक्रम
- अभियानमुखी मकै भटमास उत्पादन
- कोदो उत्पादन मत्स्य उत्पादन

- दिगो भु-व्यवस्थानपन
- माटो परिक्षण तथा सुधार सेवा
- वागवानी विकास कार्यक्रम
- आलु तरकारी तथा मसला विकास कार्यक्रम/व्यवसायिक वेमौसमी तरकारी उत्पादन कार्यक्रम
- पुष्प खेती प्रवर्द्धन कार्यक्रम

साझेदारीमा भएका मुख्य उल्लेखनीय कार्य:

- प्राङ्गारिक मल कारखाना स्थापना
- PACT,जि.वि.स.,स्थानीय युवा समुह,जि.कृ.वि.का.को आर्थिक/प्रविधिक सहयोगमा नालामा पि.वि.एस.वीउ आलु उत्पादन गर्ने ल्याव स्थापना एवं सञ्चालन ।
- वालि संरक्षण निर्देशनालयको आर्थिक एवं प्राविधिक सहयोगमा पनौती-१० मा ४८ जना कृषक परिवारको ३१ हेक्टर क्षेत्रफलमा सुन्तला जात फलफुल वगैचामा समस्या निदान अभियान कार्यक्रम सञ्चालन ।
- वातावरण विभागको आर्थिक सहयोगमा ४५वटा प्लाष्टिक पोखरी निर्माण ।
- आ.ई.पि.एम कृषक पाठशाला सन्चालन कार्यक्रम कार्यान्वयनमा भएका समस्याहरु ।
- धेरै पुरानो स्वीकृत Norms को आधारमा हाल पनि कृषि प्रसार कार्यक्रम सञ्चालन गर्नु परेको ,समय सापेक्ष रुपमा Norms परिमार्जन नभएको ।
- श्रोत केन्द्रमा तोकिए अनुसारको वीउ उपलब्ध नहुनु ।
- सरकारी तथा कम्पनीमा आवश्यक कृषि सामाग्री को मूल्यमा धेरै भिन्नता ।
- कृषि सेवा केन्द्रको संख्या थोरै ।
- कृषि योग्य भुमिको गैर कृषि क्षेत्रमा प्रयोग ।
- सिंचाईको सिमितता ।
- प्राविधिक जनशक्तिको कमि ।
- प्रविधिकहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि कार्यक्रम नहुनु ।
- गुणस्तरीय वीउ उपलब्ध नहुनु ।
- जैविक विषादी सर्वसुलभ रुपमा उपलव्ध नहुनु ।

आ.व. ०७०/०७१ मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरु:

- अन्नवाली वीज वृद्धि कार्यक्रम ।
- ५० प्रतिसत अनुदानमा टिलर,मिनी टिलर -११०

- ५० प्रतिसत अनुदानमा कोदो धान चुटने थेसर -१२
- ५० प्रतिसत अनुदानमा मेटल वीन -६ सेट
- ५० प्रतिसत अुदानमा कर्नसेलर -६ वटा
- ५० प्रतिसत अनुदानमा प्लाष्सटिक सेल -२१२ वटा
- सुन्तला जात फलपुल खेती विस्तार ५० हे
- कफी खेती विस्तार-१७.३३ हे.(३४६६७ वेर्ना)
- अलाची खेती विस्तार -२ हे.(१२०००० वेर्ना)
- भकारो तथा गोठ सुधार-३५० वटा
- पि.वि.एस.वीउ आलु उत्पादन-१५०००टन)
- प्राङ्गारीक मल उत्पादन कारखाना ।
- आइ.पि.एम.श्रोत केन्द्र स्थापना
- फूल खेतीको लागी एग्रोनेट
- अलैंची वर्ना निर्यात -३ लाख
- हाइव्रीड गोलभेडा वीउ उत्पादन २२.५ के.जी.
- सिप्रेडको सहकार्यमा तरकारी वीउ उत्पादन-१२० मेटन

जिल्ला पशु सेवा कार्यालय

आ.व ०७०/०७१ मा सञ्चापलत मुख्य मुख्य कार्यकमहरु

- पशु प्रसार कार्यकम
- कवुलियती वन ता पशु विकास कार्यकम
- सहकारी खेती
- थारा भैसी संरक्षणतथा पाडा पाडी हुर्कउने कार्यकम
- पशु स्वस्थ्य सेवा कार्यकम
- ए.आई मेशीन
- रा.प.आहारा विकास कार्यकम (फरेज मिसन)
- पशुपंक्षि वजार प्रवद्धन कार्यकम

निक्षेपित कार्यकम

- पशु प्रजनन सेवा कृ.ग. गाई भैसी
- उपचार सेवा कार्यकम
- पशु खोप सेवा कार्यकम
- परजीव नियन्त्रण
- प्रयोगशाला सेवा

- पशु स्वास्थ्य सेवा कार्यक्रम
- स्वाइन फिभर खोप सेवा कार्यक्रम
- रानीखेत खोप
- वंगुर/सुंगुर पालन क्षेत्र पहिचान

<u>मुख्य मुख्य उपलब्धीहरु</u>

- कृ.ग. सेवा केन्द्रहरु विस्तार भै आगामी आ. व.हरुमा उन्नत नश्लका वाच्छीहरु उत्पादन भएको
- हरियो घांस उत्पादनमा वृद्धि भै पशु स्वास्थ्य स्थितमा सुधार आई उत्पादन वढेको
- पशु विमा समितिको संख्यामा वृद्धि भै सेवाग्राहीहरुमा थप विमा सुविधा प्राप्त भएको
- गरिवीको रेखा मुनिका कवुलियती कृषकहरुलाई वितरण गरिएको वाखावाट थप आयआर्जन भै उनीहरुको जीवनस्तरमा सुधार आएको
- समुदायमा आधारित पशु विमा कार्यक्रम कियाशील भई कृषि विकास बैक मार्फत दिइएको प्रिमियम अनुदानवाट थप उत्सुकता आएको र संक्रामक रोग नियन्त्रण कार्यक्रम प्रभावकारी रुपमा संचालन भै पशु स्वास्थ्य स्थितिमा सुधार आउनुको साथै उत्पादनमा वृद्धि भएको ।
- व्यावसायिक फार्महरु स्थपना भई श्रोतकेन्द्रको रुपमा उन्मुख भई विभिन्न जिल्लाहरुमा गाई भैसी निर्यात हुन थालेको ।
- सवै सामाजिक समुहका कृषक समक्ष केहि न केहि रुपमा कार्यक्रम पुगेको ।

<u>चुनौती/समस्या</u>

- स्रोत र साधनको कमि ।
- दक्ष प्राविधिक जनशक्तिको कमि
- सरकारी तथा गैर सरकारी संस्थाहरु संग कार्यगत समन्वयको अभाव ।
- समुदायमा आधारीत विशेष कार्यक्रमको क्षेत्र विस्तारमा जटिलता ।

<u>समाधानका लागी गरिएका प्रयासहरु</u>

- नीजि सार्वजनिक साझेदारीमा कार्यक्रम संचालन ।
- प्राईभेट,पाराभेट पशु स्वास्थ्यकर्मिहरुको सहभागितामा सेवाग्राहीहमा प्राविधिक सेवा पुर्याएको ।

सिकाईहरु

- काभ्रे जिल्ला दुग्एध उत्पादनको दृष्टिकोणले देशकै अग्रस्थानमा रहेकोमा दुधउत्पादनमा अझ उच्च भूमिका निर्वाह गर्नकोलागी पशुपालन ब्यवसायलाई ब्यवसाईकरण तर्फ लैजान जरुरी देखिन्छ ।
- सेवाग्राहीहरु स्वस्फूर्त रुपमा कार्यक्रम संचालनको लागी समाहित भएको ।
- समुदायमा आधारित कार्यक्रमहरु विशेषत विपन्न वर्गहरुको लागी निरन्तरता दिईएमा कार्यक्रमको प्रभावकारीता वृद्धि हुने ।

सकारात्मक पक्ष

- समुह समिति तथा सहकारी मार्फत कार्यक्रम सञ्चालन हुनु ।
- निर्वाह मुखी पशुपालन ब्यवसायबाट ब्यवसायी करण तर्फ कृषकहरु उन्मुख हुनु ।

महिला तथा वालवालिका कार्यालय

आ.व. ०७०/०७१ मा संचालित मुख्य मुख्य कार्यक्रमहरुः

- लक्षित महिलाको पहिचान र समुहीकरण ।
- बक्तित्व विकासका प्रारम्भिक प्रशिक्षण ।
- संस्थागत विकास र सहभागीता ।
- महिलासमिति अन्तर्गत ब्यवसायिक समुह विकास ।
- बाल अधिकारको संवर्धन ।
- विद्यालय विमुख किशोरीको वहुआयामिक विकास ।
- लैगिक हिंसा न्यूनिकरणको लागी पहल ।
- मूलप्रवाहीकरण सम्पर्क निकाय सेवा ।
- सामाजिक परिचालन ।
- सूचना शिक्षा र सञ्चार ।

समस्या र चुनौती

- कार्य क्षेत्र अनुसार कर्मचारी नहुनु ।
- एउटै प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने संघ संस्थासंग समन्वय नहुंदा दोहोरोपना हुनु ।
- ब्यक्तिको धारणमा परिवर्तन र सामाजिक विकासमा जागरण ल्याउने कार्यको उपलब्धी मापन गर्न नसक्नु ।
- माग अनुसारको कार्यक्रम नहुनु वा कमि हुनु ।
- भौतिक विकास निर्माणका कार्य नहुंदा छिटो उपलब्धी नदेखिनु ।

## जिल्ला स्वास्थ्य कार्यालय

### मुख्य मुख्य कार्यक्रमहरु

- खोप कार्यक्रम ।
- क्षयरोग नियन्त्रण कार्यक्रम ।
- परिवार नियोजन तथा सुरक्षित मातृत्व कार्यक्रम ।
- औलो रोग नियन्त्रण कार्यक्रम ।
- कुष्ठरोग नियन्त्रण कार्यक्रम ।
- एकिकृत सुपरभिजन,अस्पताल निर्माण तथा औषधी उपकरण खरिद ।
- राष्ट्रिय तालिम कार्यक्रम ।
- राष्ट्रिय यौनजन्यतथा सञ्चार कार्यक्रम ।
- प्राथमिक स्वास्थ्य सेवा तथा पुनजागरण कार्यक्रम ।
- औषधी,उपकरण आपूर्ति ।
- ग्रामिण सामुदायिक जनस्वास्थ्य आधारभुत स्वास्थ्य तथा नमूना गाउं कार्यक्रम ।

### सवल पक्षहरु

- जिल्ला भित्र..... स्थानमा २४ सै घण्टा सुत्केरी सेवा संचालन भएको ।
- स्वास्थ्य संस्थामा दक्ष प्रसुति कर्मीवाट सुत्केरी गराउनेको संख्यामा वृद्धि भएको ।
- नयां गर्भवती जाच वृद्धि भएको ।
- चारपटक गर्भवती जांच गर्ने संख्या वृद्धि भएको ।
- स्वास्थ्य संस्थामा सेवा लिन आउनेको संख्या वृद्धि भउको ।
- स्वास्थ्य संस्थामा निरन्तर औषधी आपूर्ति भएको र कतै पनि औषधी अभाव नभएको
- औलोको पूर्णतः नियन्त्रण भएको ।
- मातृ मृत्यु तथा ५ वर्ष मुनिका वालवालिकाको मृत्युमा कमी आएको ।

### समस्याहरुः

- केहि उप-स्वास्थ्य चौकीमा संचालित वथिङ्ग सेन्टरमा गा.वि.स. वाट अ.न.मी.,का.स.को तलव खर्चमा निरन्तर वजेट विनियोजन नहुंदा संचालनमा समस्या ।
- दरवन्दी अनुसार पदपूर्ति नहुदा कार्यक्रम संचालनमा समस्या ।
- जिल्लाकमा औषधी भण्डारण भवनको अभाव

- औषधी ढुवानीको लागी जि.स्वा.कार्यालय को छुट्टै सवारी साधन नहुनु ।
- स्वास्थ्य चौकीमा प्रयोगशालाको दरवन्दी नहुदा क्षयरोग लगायत प्रयोगशाला परिक्षणमा समस्या ।

<u>जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रः</u>

संचालित सेवा/कार्यक्रमहरु

- निशुल्क विरामी परिक्षण ।
- निशुल्क औषधी वितरण ।
- स्नेन रसंवेदन संवन्धी कार्यक्रम ।
- ओ जि.टी. प्रशिक्षण ।
- जडिवुटी संववन्धी जनचेतना ।
- जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थय संरक्षण प्रवद्धर्नात्मक पञ्चकर्म योगा कार्यक्रम ।

<u>कार्यक्रमका सवल पक्षहरुः</u>

- जनसहभागिता
- आयुर्वेद सेवाको प्रचार प्रसार
- जनचेतना
- विद्यालयस्तरमा आयुर्वेद शिक्षाको प्रसार
- महिला स्वयंसेविकाहरुको परिचालन

<u>समस्याहरु</u>

- कार्यक्रमहरुको निर्देशिकाको अभाव
- आयुर्वैद चिकित्सक लामो समय दृखि रिक्त रहेको
- भौगोलिक विकटता
- कार्यक्रमको लागी पर्याप्त वजेट नहुनु

<u>सुधारका पक्षहरुः</u>

- जनचेतना,जनसहभागीता वढाउनुपर्ने
- राष्ट्रिस्तरमा प्रचार प्रसार गर्नुपर्ने
- विद्यालयस्तरमा आयुर्वेद शिक्षा लागु गर्नुपर्ने ।

- महिला स्वयंसेविकाहरुको उचित परिचालन हुनुपर्ने ।
- कृषकहरुलाई जडिबुटी खेत ीगर्न प्रोतसाहन वृद्धि गर्नुपर्ने ।
- उत्पादित जडिवुटीलाई वजारको ब्यवस्था गरिनु पर्ने ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

### मुख्य मुख्य उपलब्धीहरु

- कानपुर खा.पा. योजनाको एक स्किम संपन्न भै ३७५ वटा नीजि धारा सञ्चालन ।
- माथीघर खा.पा.योजना संपन्न ।
- भकुण्डे खा.पा.यो.को गुणस्तर सुधार ।
- थप ४ सहित २० वटा गा.वि.स.खुला दिशामुक्त घोषित,थप ८ गा.वि.स. घोषणा योग्य ।
- सरसफाइ कार्यक्रममा स्थानीय निकायहरुको सहभागीतामा उल्लेख्य वृद्धि ।
- ७० गा.वि.स.मा V /WASH /CC गठन ।

### समस्याः

- विनियोजित वजेटको तुलनामा आयोजनाको संख्या अधिक हुनु ।
- खानेपानी आयोजनाहरु निर्माणमा समन्वयको अभाव डुप्लीकेसनको समस्या ।
- जनसहभागितामा कमी ।
- खानेपानी तथा सरसफाई क्षेत्रको लागी दीर्घकालीन सोच अथवा गुरुयोजना नहुनु ।
- पानीका श्रोतहरुको उपयोगमा वढी जोड दिनु तर संरक्षण तर्फ काम नहुनु ।

### सिकाइः

- जनतहरुको प्राथमिकतानमा नपरेका आयोजनाहरुमा सहभागीताअत्यन्त न्युन ।

- आयोजन छनौट प्रकृयामा जनसहभागीताको आभाव सिमित व्यक्तिहरुको आग्रहमा योजना छनौट ।
- प्राविधिकहरुमा प्राविधिक अडानको कमी,दवावमा वहकिने प्रवृति वढदै जानु ।
- खानेपानी आयोजनाको क्षेत्र विस्तार हुनु जरुरी,मुहानको संरक्षण तथा ग्रे वाटरको व्यवस्थापन समेत समावेश गर्न जरुरी ।

<u>डिभिजन सडक कार्यालयः</u>

मुख्य मुख्य उपलब्धीहरु

- सडक ट्रयाक खोल्ने कार्य २६.९६ कि.मि
- सडक ग्राभेलिङ्ग कार्य १०.३६ कि.मि.
- सडक कालोपत्रे कार्य ३.१९ कि.मि.

<u>समस्याः</u>

- गिटी वालुवाको खानी वन्द हुदा निर्माण कार्य अवरुद्ध ।

<u>शहरी विकास तथाभवन निर्माण डिभिजन कार्यालय</u>

मुख्य मुख्य उपलब्धीहरुः

- वि.इ.ओ.सि. भवन निर्माण, सुन्थान पनौती
- चौवास .स्वा.चौकिमा हे.पो भवन निर्माण
- धुसेनी शिवालय स्वा.चौकी भवन निर्माण
- पोखरीनारायण स्थान  स्व.चौ. भवन निर्माण
- जनस्वास्थ्य स्टोर भवन निर्माण
- स्वास्थ्य चौकी भवन निर्माण, भीमखोरी
- स्वस्थ्य चौकी भवन निर्माण श्यामपाटी, बुढाखानी, ढुंखर्क, कोलाती
- मालपोत कार्यालय र जिल्ला कारागार भवन निर्माण
- पनौती- १० चौकोट हुदै देवीस्थान सम्म जाने वाटो निर्माण तथा स्तरोन्नती
- नाला वजार वाटो स्तरोन्नती
- जिल्ला पशे सेवा कार्यालय, घरेलु विकास समिति, को.ले.नि.का, भवन, सिंचाई डिभिजन भवनहरु मर्मत ।
- पांचखाल भ्यू टावर निर्माण ।

## जिल्ल बन कार्यालय :

मुख्य मुख्य कार्यकंम

- सामुदायिक वन विकास कार्यक्रम
- कवलियती वन तथा पशु विकास कार्यक्रम
- जढिवुटी विकास कार्यक्रम
- राष्ट्रिय वन विकास कार्यक्रम
- वहु सरोकारवाला वन कार्यक्रम

## मुख्य उपलब्धीहरु

- कवुलियती वन संख्या-४१५
- हस्तान्तरीत सा.वनको क्षेत्र-२७५२.४ हे
- लाभान्वित घरधुरी-४२६८ घरधुरी
- क.व.कार्यक्रम लागु क्षेत्र -२७ गा.वि.स.
- क.व.कार्ययोजना नविकरण-१५ गोटा
- ग्रामिण पूवाधार भू-संरक्षण सामाग्री सहयोग, मिल्चे ५ का ६० घरधुरीलाई पैरो नियन्त्रण गर्न रु.५0000। अनुदान
- जि.वि.स.को .....सुधार कार्यक्रम
- फलफूल तथा आयमूलक विरुवा रोपण
- जदिवुटी विकास

## जिल्ला भू-संरक्षण कार्यालय

मूख्य मुख्य कार्यकम

प्राकृतिक प्रकोप रोकथाम

- गल्छि/पहिरो रोकथाम र नियन्त्रण
- खोला/खहरे किनार संरक्षण
- साझेदारी भू-संरक्षण

पानी श्रोत संरक्षण

- पानी मुहान संरक्षण
- संरक्षण पोखरी निर्माण

विकासका पूर्वाधार संरक्षण

- सिंचाई कुलो संरक्षण
- सडक पाखा संरक्षण

भूमि उत्पादकत्व संरक्षण

- कृषि वन मैत्री खेतवारी संरक्षण
- घांस रोपण
- क्षेतिग्रस्त भूमि पुनरुत्थान
- फलफूल र घांस विरुवा वितरण
- विरुवा उत्पादन

सामुदायि श्रोत ब्यव्स्थापन योजन कार्यान्वयन

सकारात्मक पक्ष

- जनसहभागिता पर्याप्तरुपमा परिचालन भएको
- स्थनीय निकाय एवं गै.स.स. संग साझेदारीमा प्राकृतिक प्रकोप रोकथाम(गल्छि पहिरो नियन्त्रण) विकासका पुर्वाधार संरक्षण कार्यक्रम सञ्चालन
- फलफूल तथा डाले घांस,भुई घास रोपण गरि सतही भू-क्षय न्यूनीकरणमा टेवा पुगेको
- साझेदारी र जनसहभागीता परिचालनगरि जलउत्पन्न प्रकोपवाट हुन सक्ने धनजन क्षति र जोखीम न्यूनीकरण गर्न सहयोग पुगेको

सुधार गर्नुपर्ने पक्ष

- विपन्न वर्गलाइ लक्षित गरि भु-तथा जलाधार संरक्षणकार्यक्रमहरुमा जनसहभागिताको अपेक्षा कम गर्नुपर्ने र सहयोग अनुदान वढाउनु पर्ने
- केन्द्रवाट प्राप्त कार्यक्रम वजेट स्थनीय माग,चुनौती र समस्या अनुसार वृद्धि गर्नुपर्ने ।
- ग्रामीण सडकको दायां- वायां हरियाली प्रवर्द्धन र वष्यो इन्जिनियरिङ्गकार्य समावेश गनुपर्ने

सिकाईहरुः

●माग/आवश्यकतामा आधारित कार्यक्रमहरु अत्यधिक जनसहभागीता परिचालन,स्थानीय निकायसंगको साझेदारीवाट कार्यक्रमसञ्चालन भई नतिजामूलक सफलता हासिल भएको
●जैविक प्रविधिहरु कम खर्चिलो,स्थानीय सामाग्री र सीपको अत्यधिक प्रयोग हुने भएकोले उपभोक्ताहरुवाट रुचाएको ।

<u>मध्यमाञ्चल सिंचाइ विकास डिभिजन नं. ७</u>
संचालित मुख्य मुख्य कार्यक्रम

- नयां प्रविधिमा आधारित सिंचाइ योजन
- समुदाय ब्यवस्थित सिंचाई आयोजना
- मर्मत तथा दीगो ब्यवस्थापन
- मझैला सिंचाइ आयोजना (MIP)

<u>मुख्य उपलब्धी</u>

- CMIASP तर्फ सिंचाई उप आयोजनाहरुको विस्तृत अध्ययन संपन्न गरि चालु आ.व.मा निर्माण प्रारंभ गर्ने गरी योजना कार्य सम्पादन गरेको ।
- विभिन्न सिंचाई आयोजनाहरु मर्मत संभार गरि आयोजनाको दीगोपनालाइ प्राथमिकता दिइएको ।

<u>समस्या</u>

- केही आययोजनाहरुमा उपभोक्ताहरु समयमा नै संपर्कमा नआएकोले योजन निर्माण कार्य ढीलाइ भएको पुराना आयोजनाहरु संपन्न नभै नयां आयोजनाहरु आउनाले पुराना आयोजनाहरु संपन्न गर्न कठीनाइ भएको

<u>जिल्ला प्राविधिक कार्यालय</u>
मुख्य मुख्य उपलब्धीहरुः

- अनैकोट गा.वि.स. मा भ्यु टावर निर्माण
- कृषि सहकारी भवन निर्माण कार्य सम्पन्नगरिएको
- खोपासी-तालढुंगा सडकको फलामेटार ग.वि.स.स को स्याउलेथली (चेनेज ३७+००० कि.मि )सम्म ढुवानीका सवारी साधनहरु सञ्चालन भएको
- तालढुंगा देखी फलामेटार गा.वि.स. को फलाटे सडक खण्डमा वर्षा अगाडी ढुवानीका लागी टयाक्टर संचालन भएको

- लडखु पुल तथा च्याल्टी कजवे निर्माणले खोपासी स्याउलेथली सडक खण्डमा वर्षा याममा पनि सहजरुपमा यातायात संचलन भएको

<u>सिकाई</u>

- एउटै सडक निर्माणमा धेरै प्याकेजहरु वनाएर काम गर्न नहुने

<u>समस्या</u>

- पेश्की लगेर काम नगरिदिने
- आयोजना को अनुपातमा  अति कम रकम विनियोजन गरिएकोले प्रभावकारी काम हुन नसकेको ।
- भवन निर्माण स्थलको विवादका कारण भवन निर्माण कार्य समयमा संपन्न नहुने ।